# नेपाल राष्ट्र बैंक

## नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको सम्बन्धमा जारी गरिएको प्रेस विज्ञप्ति

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडका सञ्चालकहरू र प्रमुख कार्यकारी अधिकृत विरुद्ध सम्मानित काठमाडौं जिल्ला अदालतमा अभियोगपत्र दायर भएको विषय नेपाल राष्ट्र बैंकको जानकारीमा आएको छ । यसपश्चात् उक्त बैंकको सञ्चालन र व्यवस्थापनका सम्बन्धमा यस बैंकले नजिकबाट अनुगमन गरिरहेको तथा विद्यमान कानुनी व्यवस्थाका सन्दर्भमा आवश्यक राय सुझाव लिई छलफल भइरहेको छ ।

हाल उक्त बैंकको तरलताको अवस्थालगायत वित्तीय सबलताका परिसूचकहरू यस बैंकले तोकेको मापदण्डबमोजिम सन्तोषजनक रहेको हुँदा बैंकको दैनिक कार्य सञ्चालनमा कुनै पनि प्रकारको जटिलता उत्पन्न हुने अवस्था देखिएको छैन ।

हाल सम्मानित जिल्ला अदालतमा मुद्दा विचाराधीन रहेको अवस्था विद्यमान रहेकोले बैंक सञ्चालनको दैनिक अवस्थासहित मुद्दाको प्रकृति, समयावधि र गाम्भीर्यका आधारमा यस बैंकबाट थप छलफल र कानुनी राय समेत लिई कानुनबमोजिम सञ्चालक समिति र उच्च व्यवस्थापन एवम् बैंक सञ्चालनका सम्बन्धमा आवश्यक उपाय अवलम्बन गरिने व्यहोरा जानकारी गराइन्छ ।

२०८३ साउन २८ गते